# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

**सूचना नं.: ४१२/२०८०-०८१** **प्रकाशन मिति: २०८०/११/२५ गते**

## बढुवाका लागि पदसंख्या निर्धारण गरी सुरक्षित राखिएको सम्बन्धी सूचना ।

लुम्बिनी प्रदेशका विभिन्न स्थानीय तहहरूमा रिक्त रहेका पदहरूको पदपूर्तिका लागि लुम्बिनी प्रदेशका स्थानीय तहहरूबाट माग भए बमोजिम स्थानीय सरकारी तह अन्तर्गत विभिन्न सेवा समूहका सहायकस्तर पाँचौ तहका (अप्राविधिक) पदहरूमा यस आयोगको निर्णय बमोजिम प्रतिशत निर्धारण गरी बढुवाका लागि कायम भएका देहाय बमोजिमका पदहरू स्थानीय तहको सेवा सम्बन्धी कानून बनेपछि सोही बमोजिम विज्ञापन हुने गरी सुरक्षित राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपिशल:**

| क्र.सं | माग गर्ने स्थानीय तह | जिल्ला | जेष्ठता तथा कार्यसम्पादन | कार्यक्षमता मुल्यांकन |
|---|---|---|---|---|
| **१. सहायक पाँचौ (प्रशासन, सामान्य प्रशासन)** | | | | |
| १. | कोहलपुर नगरपालिका | बाँके | १ | १ |
| २. | गंगादेव गाउँपालिका | रोल्पा | १ | १ |
| ३. | गुलरिया नगरपालिका | बर्दिया | १ | १ |
| ४. | गेरुवा गाउँपालिका | बर्दिया | १ | १ |
| ५. | गैडहवा गाउँपालिका | रुपन्देही | २ | १ |
| ६. | तिनाउ गाउँपालिका | पाल्पा | | १ |
| ७. | नेपालगञ्ज उपमहानगरपालिका | बाँके | २ | १ |
| ८. | नौबहिनी गाउँपालिका | प्यूठान | १ | |
| ९. | पाल्हीनन्दन गाउँपालिका | नवलपरासी | १ | |
| १०. | बगनासकाली गाउँपालिका | पाल्पा | | १ |
| ११. | बढैयाताल गाउँपालिका | बर्दिया | १ | १ |
| १२. | बर्दघाट नगरपालिका | नवलपरासी | १ | |
| १३. | मदाने गाउँपालिका | गुल्मी | १ | १ |
| १४. | मर्चवारी गाउँपालिका | रुपन्देही | १ | १ |
| १५. | महाराजगञ्ज नगरपालिका | कपिलवस्तु | १ | १ |
| १६. | माण्डवी गाउँपालिका | प्यूठान | १ | १ |
| १७. | यसोधरा गाउँपालिका | कपिलवस्तु | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| १८. | राप्ती सोनारी गाउँपालिका | बाँके | ३ | १ |
| १९. | रिब्दिकोट गाउँपालिका | पाल्पा | १ | |
| २०. | रुन्टीगढी गाउँपालिका | रोल्पा | १ | १ |
| २१. | लुङग्री गाउँपालिका | रोल्पा | २ | १ |
| २२. | लुम्बिनी साँस्कृतिक नगरपालिका | रुपन्देही | २ | १ |
| २३. | विजयनगर गाउँपालिका | कपिलवस्तु | १ | १ |
| २४. | सन्धिखर्क नगरपालिका | अर्घाखाँची | १ | |
| २५. | सिस्ने गाउँपालिका | रुकुमपूर्व | | १ |
| २६. | सुनछहरी गाउँपालिका | रोल्पा | | १ |
| २७. | लमही नगरपालिका | दाङ | १ | |
| | **जम्मा** | | **२९** | **२१** |
| **२.** | **लेखा सहायक (प्रशासन, लेखा)** | | | |
| १. | थवाङ गाउँपालिका | रोल्पा | १ | |
| २. | सुनछहरी गाउँपालिका | रोल्पा | १ | |
| ३. | लुङग्री गाउँपालिका | रोल्पा | १ | |
| ४. | प्यूठान नगरपालिका | प्यूठान | १ | |
| ५. | राजपुर गाउँपालिका | दाङ | १ | |
| ६. | नेपालगञ्ज उपमहानगरपालिका | बाँके | १ | |
| ७. | निस्दी गाउँपालिका | पाल्पा | १ | |
| ८. | घोराही उपमहानगरपालिका | दाङ | १ | १ |
| | **जम्मा** | | **८** | **१** |
| **३.** | **आन्तरिक लेखा परीक्षक (प्रशासन, लेखा)** | | | |
| १. | धुर्कोट गाउँपालिका | गुल्मी | १ | |
| २. | लुङग्री गाउँपालिका | रोल्पा | १ | |
| ३. | झिमरुक गाउँपालिका | प्यूठान | १ | |
| ४. | सरुमारानी गाउँपालिका | प्यूठान | १ | |
| ५. | राजपुर गाउँपालिका | दाङ | १ | |
| ६. | सिस्ने गाउँपालिका | रुकुमपूर्व | १ | |
| ७. | शुद्धोधन गाउँपालिका | रुपन्देही | १ | |
| ८. | निस्दी गाउँपालिका | पाल्पा | १ | |
| | **जम्मा** | | **८** | |

**सूचना नं. ४१३/२०८०-०८१** **प्रकाशन मिति: २०८०/११/२५ गते**

# स्थानीय तह अन्तर्गतका सहायकस्तर पाँचौं तह (अप्राविधिक) खुला तथा समावेशी पदहरूको विज्ञापन सम्बन्धी सूचना

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको निर्णय बमोजिम स्थानीय तहमा रिक्त रहेका सहायकस्तर पाँचौं तह (अप्राविधिक) पदका देहाय बमोजिमका पदहरूमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्न लागिएको हुँदा योग्यता पुगेका उम्मेदवारहरूले यस आयोगको विद्युतीय दरखास्त प्रणाली www.ppsconline.lumbini.gov.np बाट (Online) दरखास्त दिनुहुन अनुरोध छ।

## तपशिल:

### विज्ञापित पदहरुको संक्षिप्त विवरण:

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पदको नाम | सेवा | समूह | माग पदसङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | ADM ५०००१/०८०-८१ | खुला | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | २४ |
| | | | लेखा सहायक | | लेखा | ५ |
| | | | आन्तरिक लेखा परीक्षक | | लेखा | २ |
| २. | ADM ५०००२/०८०-८१ | महिला | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | ५ |
| | | | लेखा सहायक | | लेखा | १ |
| ३. | ADM ५०००३/०८०-८१ | आ.ज. | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | ४ |
| ४. | ADM ५०००४/०८०-८१ | मधेशी | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | १ |
| ५. | ADM ५०००५/०८०-८१ | दलित | लेखा सहायक | प्रशासन | लेखा | १ |
| **जम्मा माग पदसङ्ख्या** | | | | | | ४३ |

**परीक्षाको किसिम:-** पाठ्यक्रममा तोकिए अनुसार, (लिखित परीक्षा, कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता)।

**लिखित परीक्षाको कार्यक्रम:**

| पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| **प्रमथ चरण:** | | | |
| प्रथम पत्र (सबै सेवा समूहको लागि) | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | २०८१।०१।२९ | विहान ११:०० बजे |
| **द्वितीय चरण: (प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्।)** प्रथम चरणको नतिजा प्रकाशन सँगै द्वितीय चरणको परीक्षाको समय तालिका यस आयोगको वेवसाइट https://ppsc.lumbini.gov.np/ द्वारा प्रकाशन गरिनेछ। | | | |

**परीक्षा केन्द्र:-** बुटवल

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

| | |
|---|---|
| **दरखास्तको माध्यमः-** | आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ । उम्मेदवारहरूले विद्युतीय माध्यमबाट दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ । विवरण भर्दा उम्मेदवारले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ । |
| **दरखास्त दस्तुरः-** | दरखास्त दस्तुर रु. ५००।- (पाँचसय) बुझाउनु पर्नेछ । थप समूह तथा समावेशी समूह तर्फका विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. २००/- (दुईसय) थप दस्तुर बुझाउनुपर्नेछ । |
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्नुपर्नेछ । Online Payment गर्ने उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणालीमा राखिएका Wallet हरूमध्ये कुनै एक प्रयोग गरी भुक्तानी गर्न सकिने छ । Offline Payment गर्ने उम्मेदवारहरूले सोही प्रणालीमा तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ बुझाउनु पर्नेछ । दरखास्त दस्तुर २०८०।१२।२३ गतेसम्म बुझाइ सक्नुपर्नेछ । यस सम्बन्धी विस्तृत जानकारी  वेबसाइटमा राखिएको User Manual मा छ । |
| **दरखास्त दिने अन्तिम मितिः-** | २०८०।१२।१५ गते र दोब्बर दस्तुर तिरी २०८०।१२।२२  गतेसम्म दरखास्त दिन सकिनेछ । |
| **उम्मेदवारको उमेरको हदः-** | ❖ मिति २०८०।१२।१५ सम्म १८ वर्ष उमेर पूरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको ।<br>❖ संघ, सबै प्रदेश र सबै स्थानीय तहमा लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबाट छनोट तथा सिफारिस भई कार्यरत रहेका स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन । |
| **पेश गर्नुपर्ने कागजातहरूः-** | दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा Upload गर्नु पर्नेछ । साथै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, ट्रान्सक्रिप्ट, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ ।<br>*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नगरेमा  वा गलत विवरण भरी पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत वा पछि जुनसुकै बखत पनि रद्द हुने हुँदा दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुहुन अनुरोध छ ।* |
| **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | **स्थानीय तह**ले तोके बमोजिम । |
| **सेवा, शर्त र सुविधाः-** | सेवा, शर्त र सुविधा प्रचलित कानून बमोजिम हुने । |
| **सेवासँग सम्बन्धीत निकायः-** | सेवा, समूह सञ्चालन गर्ने सम्बन्धित स्थानीय तह । |

## आवश्यक न्यूनतम योग्यता:

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१. प्रशासन सेवा, सामन्य प्रशासन समूह, सहायक पाँचौ पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

२. प्रशासन सेवा, लेखा समूह, लेखा सहायक र आ.ले.प. पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्र वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको ।

***मिति २०७८।०९।०७ भन्दा अघि जारी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (S.L.C.E) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ र Cumulative Grade Point Average (C.G.P.A) 1.6 रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ ।***

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ ।

**(क)** आदिवासी जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको कागजात ।

**(ख)** मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरेको कागजात ।

**(ग)** दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढि थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको कागजात ।

*स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, माथि उल्लिखित ऐनले तोकेका जिल्लामा विवाह गरी वा बसाइँसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराईको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराई गरेको कागजात ।*

**द्रष्टव्य**

**(क)** दोब्बर दस्तुर तथा थप भएको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

**(ख)** आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

**(ग)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुनेछैन।

**(घ)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ । वस्तुगत प्रश्नमात्र हुने परीक्षाको उत्तरपुस्तिका OMR/Manual हुनेछ ।

**(ङ)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

**(च)** स्थानीय तहको विज्ञापनमा दरखास्त दिई लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि स्थानीय तहहरूको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी गराइने छैन। सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको स्थानीय तहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ।

**(छ)** समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

**(ज)** लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ ।

**(झ)** पाठ्यक्रम आयोगको वेबसाइट ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ । सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ ।

**(ञ)** विभिन्न संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न संक्रमणको विशेष अवस्थामा आयोगले तयार गरेको स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाइने छ ।

**(ट)** लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबाट निजामती सेवा, प्रदेश निजामती सेवा तथा स्थानीय सेवाको पदमा नियुक्तिका लागि सिफारिस भइसकेका उम्मेदवारहरूले समान तहको पदमा प्रतिस्पर्धा गर्न पाइने छैन ।

**(ठ)** दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुरको अन्तिम मितिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

**(ड)** दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**दरखास्त भर्दा कुनै समस्या आएमा : ९८५७०८८६९७ मा सम्पर्क गर्न सकिनेछ । email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**

# खुला तथा समावेशी पदमा विज्ञापन भएका पदहरुको स्थानीय तह अनुसार विस्तृत विवरण

| विज्ञापन नं, किसिम | पद | सेवा/समूह | माग गर्ने स्थानीय तह | जिल्ला | माग | कैफियत |
|---|---|---|---|---|---|---|
| ADM ५०००१/०८०-८१, खुला | सहायक पाँचौं | प्रशासन, समान्य प्रशासन | गुलरिया नगरपालिका | बर्दिया | १ | |
| | | | गेरुवा गाउँपालिका | बर्दिया | १ | |
| | | | गैडहवा गाउँपालिका | रुपन्देही | १ | |
| | | | तिनाउ गाउँपालिका | पाल्पा | १ | |
| | | | नेपालगञ्ज उपमहानगरपालिका | बाँके | १ | |
| | | | परिवर्तन गाउँपालिका | रोल्पा | १ | |
| | | | पाल्हीनन्दन गाउँपालिका | नवलपरासी | १ | |
| | | | पूर्वखोला गाउँपालिका | पाल्पा | १ | |
| | | | बढैयाताल गाउँपालिका | बर्दिया | १ | |
| | | | मदाने गाउँपालिका | गुल्मी | १ | |
| | | | महाराजगञ्ज नगरपालिका | कपिलवस्तु | १ | |
| | | | माण्डवी गाउँपालिका | प्यूठान | १ | |
| | | | मायादेवी गाउँपालिका | रुपन्देही | १ | |
| | | | यसोधरा गाउँपालिका | कपिलवस्तु | १ | |
| | | | राप्ती सोनारी गाउँपालिका | बाँके | २ | |
| | | | लुम्बिनी साँस्कृतिक नगरपालिका | रुपन्देही | १ | |
| | | | विजयनगर गाउँपालिका | कपिलवस्तु | १ | |
| | | | सत्यवती गाउँपालिका | गुल्मी | १ | गत आ.व.को विज्ञापनबाट पदपूर्ति हुन नसकेकोले पुन:विज्ञापन गरिएको। |
| | | | भुमिकास्थान नगरपालिका | अर्घाखाँची | १ | |
| | | | गौमुखी गाउँपालिका | प्यूठान | १ | |
| | | | पुथा उत्तरगंगा गाउँपालिका | रुकुमपूर्व | २ | |
| | | | सुनिल स्मृत्ति गाउँपालिका | रोल्पा | १ | |
| | लेखा सहायक | प्रशासन, लेखा | गुलरिया नगरपालिका | बर्दिया | १ | |
| | | | नेपालगञ्ज उपमहानगरपालिका | बाँके | १ | |
| | | | पाल्हीनन्दन गाउँपालिका | नवलपरासी | १ | |
| | | | यसोधरा गाउँपालिका | कपिलवस्तु | १ | |
| | | | पुथा उत्तरगंगा गाउँपालिका | रुकुमपूर्व | १ | |
| | आन्तरिक लेखा परीक्षक | प्रशासन, लेखा | विजयनगर गाउँपालिका | कपिलवस्तु | १ | |
| | | | रिब्दिकोट गाउँपालिका | पाल्पा | १ | |
| ADM ५०००२/०८०-८१, महिला | सहायक पाँचौं | प्रशासन, समान्य प्रशासन | कोहलपुर नगरपालिका | बाँके | १ | |
| | | | गैडहवा गाउँपालिका | रुपन्देही | १ | |
| | | | माण्डवी गाउँपालिका | प्यूठान | १ | |
| | | | राप्ती सोनारी गाउँपालिका | बाँके | १ | |
| | | | विजयनगर गाउँपालिका | कपिलवस्तु | १ | |
| | लेखा सहायक | प्रशासन, लेखा | नेपालगञ्ज उपमहानगरपालिका | बाँके | १ | |
| ADM ५०००३/०८०-८१, आ.ज. | सहायक पाँचौं | प्रशासन, समान्य प्रशासन | कालीगण्डकी गाउँपालिका | गुल्मी | १ | |
| | | | स्वर्गद्वारी नगरपालिका | प्यूठान | १ | |
| | | | लुङग्री गाउँपालिका | रोल्पा | १ | |
| | | | लुम्बिनी साँस्कृतिक नगरपालिका | रुपन्देही | १ | |
| ADM ५०००४/०८०-८१, मधेसी | सहायक पाँचौं | प्रशासन, समान्य प्रशासन | नेपालगञ्ज उपमहानगरपालिका | बाँके | १ | |
| ADM ५०००५/०८०-८१, दलित | लेखा सहायक | प्रशासन, लेखा | घोराही उपमहानगरपालिका | दाङ | १ | |
| **जम्मा पदसङ्ख्या** | | | | | ४३ | |